मेलम्ची नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

नगर कार्यपालिका बैठक

मिति : २०७८ जेष्ठ २३ गते सोमबार (आंशिक गुगल मिट मार्फत)

प्रस्तावहरुः

१. वडागतरुपमा सम्पन्न भएका तथा बाँकी रहेका योजनाहरु तथा प्रगतीको समिक्षा सम्बन्धमा ।

२. आर्थिक वर्ष २०७८।०७९ को नगरसभा तयारीका सन्दर्भमा भएका गतिविधीहरु अध्यावधिक गर्ने सम्बन्धमा ।

३. २०७८।०७९ को नगरसभाको लागि मिति तोक्ने सम्बन्धमा ।

४. आर्थिक वर्ष २०७७।०७८ को संघीय सरकार तथ प्रदेश सरकारबाट प्राप्त सशर्त तथा समपुरक अनुदानबाट संचालन हुने योजनाहरुको बोलपत्र मार्फत खरीद प्रकृया पुरा भइ संझौता समेत भइसक्दा पनि विनियोजित बजेट बाँकी रहेको अवस्थामा सोही योजनाहरुमा उपभोक्ता मार्फत थप कार्य भएकोमा सोको अनुमोदन तथा बाँकी कार्यका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।

५. यस आर्थिक वर्षमा मेलम्ची नगरपालिकास्थित प्राथमिक स्वास्थ्य केन्द्रमा अक्सिजन प्लान्ट जडान सम्बन्धमा ।

६. मेलम्ची नगरपालिका वडा नं. ३ हैबुङ्गको थले डाँडामा अस्पताल निर्माणको लागि व्यक्तिगत जग्गा प्राप्ती गर्ने सम्बन्धमा ।

७. मेलम्ची नगरपालिका वडा नं. ३ हैबुङ्गको थले डाँडामा अस्पताल निर्माणको लागि सरकारी वा सार्वजनिक जग्गा प्राप्ती गर्ने सम्बन्धमा ।

८. नगरस्तरीय जलवायु अनुकूलन तथा विपद् व्यवस्थापन समितिबाट भएको निर्णय अनुमोदन सम्बन्धमा ।

९. मेलम्ची नगरपालिका वडा नं. ४ डिही खोला सडक मर्मतको रकम रकमान्तर सम्बन्धमा ।

१०. मकैमा लाग्ने अमेरिकन फौजि किरा नियन्त्रणका लागि विषादी खरीद गर्ने सम्बन्धमा ।

११. वडाहरुमा संचालित विभिन्न योजनाहरुको लागत भेरियसन सम्बन्धमा ।

१२. विविध

क. मगर गाउँशाखा मोटरबाटोको साङ्गो खोलाले कटान गरेको ठाउँमा खर्च भएको रकम अनुमोदन सम्बन्धमा ।

ख. मिति २०७८।०१।३१ गते भन्दा पछाडी सम्झौता भएका योजनाहरुको अनुमोदन गर्ने सम्बन्धमा ।

ग. योजना सम्झौता अवधि थप गर्ने सम्बन्धमा ।

घ. तिनपिप्ले निर्माण सेवाले पेश गरेको कर छुट पाउँ सम्वन्धी निवेदनको सम्बन्धमा ।

निर्णयहरु

१. वडा नं. १ देखि १३ सम्मका वडा अध्यक्षज्यूहरुबाट आआफ्नो वडामा सम्पन्न भएका तथा बाँकि रहेका योजनाहरु तथा प्रगतिको बारेमा समिक्षा गरियो । साथै अघिल्लो बैठकबाट भएका निर्णयहरुका बारेमा छलफल तथा समिक्षा गरियो ।

२. प्रस्ताव नं. २ का सम्बन्धमा आर्थिक वर्ष २०७८।०७९ को नगरसभा तयारीको लागि सबै विषयगत समितिहरुको बैठक मिति २०७८।०२।२८ सम्ममा बसिसक्नु पर्ने र सबै शाखाहरुले आआफ्नो शाखाको वार्षिक नीति तथा कार्यक्रमहरु मिति २०७८।०२।२५ गते भित्र श्री राजेन्द्र दलाललाई उपलब्ध

गराइसक्नु पर्ने । मिति २०७८।०३।०७ गते दिउँसो ११ बजे नगर कार्यपालिकाको बैठक बस्ने निर्णय गरियो ।

३. मेलम्ची नगरपालिकाको नवौं नगरसभा मिति २०७८।०३।०९ गते नगरसभा उद्घाटन एवम् नीति तथा कार्यक्रम प्रस्तुत गर्ने र मिति २०७८।०३।१४ गते नगरसभा सम्पन्न गरी नगरसभाका निर्णयहरु सार्वजनिक गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ का सम्बन्धमा संघीय तथा प्रदेश सरकारबाट प्राप्त सशर्त तथा समपुरक अनुदानबाट संचालन भएका योजनाहरु वडा नं. १ को महाविर भञ्ज्याङ खाल्डे सडक स्तरोन्नती, वडा नं. ६ को नेपाने पन्चकन्या माने भञ्ज्याङ सडक स्तरोन्नती, वडा नं. ८ को चालिसेखोला माझटार सिंचाइ योजना, वडा नं. ९ को गुफा चान्खु सडक स्तरोन्नती र वडा नं. ११ को सिम्पानीचौर चिलाउनेडाँडा सिम्लेबेसी कृषि सडक स्तरोन्नती, वडा नं. १० को दोभानटार सहरेखेत सडक निर्माण कार्य र वडा नं. ५ को ढुङ्गेछाप खानेपानी निर्माण को बोलपत्र मार्फत कार्य गराउँदा पनि विनियोजित बजेट खर्च नभइ बाँकी रहेकोले बाँकी रहेको बजेट सोही योजनाहरुमा उपभोक्ता समिति मार्फत खर्च गरिएको हुनाले उक्त खर्चलाइ अनुमोदन गर्ने एवम् यस आर्थिक वर्षमा सशर्त तथा समपूरक अनुदानबाट प्राप्त संघीय सरकार तथा प्रदेश सरकारको बजेटबाट संचालित आयोजनाहरुमा टेण्डर प्रकृया तथा उपभोक्ता समितिबाट गराइ बाँकी रहेको बजेट नगरपालिकाको तोकिएको सीमासम्म उपभोक्ता समिति मार्फत काममा दोहोरो नपर्ने गरी खर्च गर्ने गरी निर्णय गरियो ।

५. यस नगरपालिका अन्तर्गत मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रमा अक्सिजन प्लाण्ट स्थापना गर्न अक्सिजन प्लाण्ट खरिद, जडानको तथा सेड निर्माणको लागि आवश्यक पर्ने अनुमानित रु. १,०५,०००००।०० (एक करोड ५ लाख) रकम आवश्यक पर्ने र उक्त रकम संसद विकास कोष मार्फत माननीय श्री शेर बहादुर तामाङ्ग ज्युबाट प्राप्त हुने रु.३३,२०,०००।०० (तेत्तिसलाख बिसहजार मात्र), ह्योल्मो सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम समितिबाट रु. २६,००,०००।०० (छब्बिस लाख) र नपुग रकम यस नगरपालिकाको आ.व. २०७७।०७८ बाट विनियोजित शिर्षकहरुमध्ये खर्च हुन नसक्ने चालु तर्फको **सार्वजनिक जग्गा संरक्षण** रु.१२,००,०००।०० (बाह्रलाख मात्र), **कार्यक्रम भ्रमण खर्च पदाधिकारी** रु. ८,००,०००।०० (आठलाख), **बैदेशिक भत्ता** रु. १०,००,०००।०० (दशलाख), र **पारिश्रमीक कर्मचारी** रु. १६,००,०००।०० ( सोह्रलाख) शिर्षकहरुबाट रकमान्तर गरी जम्मा रु. ४६,००,०००।०० (छयालिस लाख) नगरसभाबाट अनुमोदन गर्ने गरी श्रोत व्यवस्थापन गर्ने निर्णय गरियो । साथै उक्त अक्सिजन प्लाण्ट खरिद गर्न कानून बमोजिम छोटो विधि मार्फत प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

६. मेलम्ची नगरपालिका वडा नं. ३ हैबुङ्गको थले डाँडामा संघीय सरकारको सहयोगमा ५ बेडको अस्पताल बनाउनु पर्ने भएकोले अस्पताल निर्माणको लागि उक्त क्षेत्रमा व्यक्तिगत जग्गा प्राप्तीका लागि सार्वजनिक सूचना प्रकाशन गरी प्रकृया शुरु गर्ने निर्णय गरियो ।

७. यस मेलम्ची नगरपालिका अन्तर्गत वडा नं. ३ हैबुङ्ग मा रहेको कि.नं. ३६ को क्षेत्रफल १७०-६-०-० को सार्वजनिक पर्ति जग्गा मध्ये उत्तर तर्फ कि.नं. १३० र ६७ सँग जोडिएको तथा दक्षिणतर्फ कि.नं. ११८ १२६ ११५ र ८५ सँग जोडिएको मध्य भागको १० रोपनी जग्गा यस नगरपालिका अन्तर्गत निर्माण हुने ५ बेडको अस्पताल भवन निर्माणको प्रयोजनको लागि ३० वर्षको लागि निशुल्क उपलब्ध गराउन भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयमा माग गर्ने सर्व सम्मत निर्णय गरियो । साथै उक्त जग्गामा छ बेडको नगरस्तरीय अस्पताल निर्माण गर्दा सो जग्गा र त्यससँग जोडिएको आसपासका सार्वजनिक पर्ति जग्गाको अतिक्रमण रोकिने तथा सार्वजनिक जग्गाको संरक्षणमा समेत सहयोग पुग्ने हुनाले सम्बन्धित निकाय समक्ष प्रक्रिया बढाउनको लागि सिफारिस साथ अनुरोध गर्ने निर्णय गरियो ।

८. नगरस्तरीय जलवायु अनुकूलन तथा विपद् व्यवस्थापन समितिबाट भएका देहाय बमोजिमको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

क. नगरपालिका क्षेत्रमा मनसुनजन्य विपद्का कारण क्षति भएका व्यक्तिहरुबाट क्षतिपुर्तिको लागि प्राप्त निवेदनहरु तथा सिफारिसहरुका सम्बन्धमा तपशिल बमोजिम हुने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | विवरण | ठेगाना | कारण | बजेट रु. |
|---|---|---|---|---|
| १ | सुनखानी शहरी स्वास्थ्य केन्द्र संरक्षण | मेनपा ९ | पहिरो | ५०००००।०० |
| २ | पञ्चकन्या आधारभूत विद्यालय संरक्षण | मेनपा ११ | पहिरो | ५०००००।०० |
| ३ | वडा नं१ . कार्यालय पछाडिको खोल्सी नियन्त्रण | मेनपा १ | पहिरो | ७०००००।०० |
| ४ | रक्तकाली आधारभूत विद्यालय संरक्षण तथा घेराबार | मेनपा ९ | पहिरो | ५०००००।०० |
| ५ | सुनखानी खोल्चा बुच्चे बाँझोरुम्टा अर्चले सिंचाई योजना मर्मत | मेनपा ७ | पहिरो | १०००००।०० |
| ६ | बालुवा नाम्के फाँट सिंचाई योजना मर्मत | मेनपा ७ | पहिरो | १०००००।०० |
| ७ | सितलादेवी साँधखोला सडकको रिजाल, सापकोटा टोल संरक्षण | मेनपा १० | पहिरो | ५०००००।०० |
| ८ | सिंचाई कुलो मर्मत कृष्ण)बहादुर बस्नेत( | मेनपा १० | पहिरो | ३०००००।०० |
| ९ | कृष्ण खनाल लगायतको घर गोठ तथा मिल संरक्षण | मेनपा १० | पहिरो | २०००००।०० |
| १० | सिचाई कुलो मर्मत (भोलानाथ ढुङ्गाना) | मेनपा ६ | पहिरो | ३०००००।०० |
| ११ | धार्ना सिंचाई तथा पहिरो नियन्त्रण | मेनपा ७ | पहिरो | ३०००००।०० |
| १२ | दहपोखरी सडक तथा घर सरक्षण, (जीत बहादुर गुरुङ) | मेनपा ३ | पहिरो | १०००००।०० |
| १३ | कुण्डेश्वर मन्दिर संरक्षण | मेनपा १ | पहिरो | २०००००।०० |
| १४ | एक्लेबेंसी सिंचाई कुलो मर्मत तथा पहिरो नियन्त्रण | मेनपा १२ | पहिरो | ३०००००।०० |
| १५ | बाहविसे बस्ती संरक्षण | मेनपा १२ | पहिरो | १५०००००।०० |
| १६ | खोक्से खोला भुजुङ्गे खेत सिंचाई | मेनपा १ | पहिरो | ३०००००।०० |
| १७ | खड्काछाप खानेपानी संरक्षण | मेनपा ३ | पहिरो | १५०००००।०० |
| १८ | मजुवा सामुदायिक भवन संरक्षण | मेनपा ३ | पहिरो | २०००००।०० |
| १९ | बतासे गैरीगाउँ सिंचाई कुलो पहिरो नियन्त्रण | मेनपा ६ | पहिरो | १०००००।०० |
| २० | विन्दवासिनी मन्दिर संरक्षण | मेनपा ८ | पहिरो | ३०००००।०० |
| २१ | दमैटोल पहिरो नियन्त्रण | मेनपा १३ | पहिरो | ५०००००।०० |
| २२ | गोठ तथा चौपाया आगलागी, १ वटा भैंसी र २ वटा पाडा क्षति बद्री) स्याङतान( | मेनपा १२ | आगलागी | ३४०००।०० |
| २३ | हावाहुरीले टहरोको जस्ता उडाएको (सितादेवी ढुङ्गाना) | मेनपा ६ | हावाहुरी | ७०००।०० |
| २४ | हावाहुरीले टहरोमा क्षति भएको (गंगा बहादुर दनुवार) | मेनपा ११ | हावाहुरी | ७०००।०० |

| | | | | |
|---|---|---|---|---|
| २५ | हावाहुरीले कुटानी पिसानी मिलको छाना उडाएको अष्टमान तामाङ)) | मेनपा ९ | हावाहुरी | ७०००।०० |
| २६ | आगलागी भई गोठ क्षति पदम बहादुर गिरी)) | मेनपा ९ | आगलागी | २००००।०० |
| २७ | हावाहुरीले घरको छाना उडाएको तथा १ वटा बाख्राको क्षति मेघ) ब(ज्योती. | मेनपा ७ | हावाहुरी | ८५००।०० |
| २८ | हावाहुरीले भैंसी फर्ममा क्षति पुर्याएको (हरिहर खनाल) | मेनपा ४ | हावाहुरी | ७०००।०० |
| २९ | आगलागी भई गोठ पूर्ण क्षति भएको निलकण्ठ गिरी) समेत( | मेनपा ९ | आगलागी | २००००।०० |
| ३० | आगलागी भई गोठ पूर्ण क्षति भएको (दल बहादुर गिरी) | मेनपा ९ | आगलागी | २००००।०० |
| | जम्मा | | | ६४३०५००।०० |

ख. वडा नं. ११ को धितालबेसी स्थित ईन्द्रवती नदिको किनारमा नदिजन्य पदार्थ थुप्रिदैं गइ टापु बनेको कारण सहरे बगर क्षेत्र र धितालवेसी क्षेत्रको खेतीयोग्य जमिन कटान हुँदै गएको हुँदा थुप्रिएको नदिजन्य पदार्थ उत्खनन् गरी हटाउने ।

ग. वडास्तरीय विपद् व्यवस्थापन समितिको पुनर्गठन गरी ७ दिन भित्र पठाउन सबै वडामा पत्राचार गर्ने । मनसुनजन्य जोखिमबाट तत्काल उद्दार तथा राहत व्यवस्थापन गर्नको लागि नगरस्तरीय Rapid Response Team पुनर्गठन गर्ने निर्णय गरियो ।

घ. वडा नं. ११ को पुल बजार ढल तथा सडक निर्माण कार्य लागत साझेदारीमा काम सम्पन्न गर्ने क्रममा साइट थप गर्नुपर्ने भएकोले थप कामको लागि विविध सार्वजनिक निर्माण शिर्षकबाट रु. ५०००००।०० छुट्याउने निर्णय गरियो ।

९. प्रस्ताव नं. ८ का सम्बन्धमा वडा नं. ४ बाट डिहीखोला सडक मर्मतको लागि छुट्याइएको रु. ४०००००।०० बजेट उक्त सडक खानेपानी आयोजनाले मर्मत गरिदिएको हुनाले सोहि ठाउँको डिही-सिरानरोड-टेक सडक खण्डमा नयाँ ट्र्याक खोल्नको लागि रकमान्तर गर्ने निर्णय गरियो ।

१०. कृषि विकास शाखाबाट पेश गरिएको मकैमा लाग्ने अमेरिकन फौजी किरा नियन्त्रणको लागि ७५ प्रतिशत अनुदानमा प्राप्त हुने गरी रु. ५०००००।०० को विषादी खरिद गर्ने निर्णय गरियो ।

११. यस नगरपालिकाको परिसर पूर्वाधार निर्माण तथा वडा नं. १ को वडा कार्यालय भवन निर्माणका लागि शिलबन्दी दरभाउपत्रमा उल्लेख भए बमोजिमको कार्य गराउँदा भौगोलिक अवस्थितिको कारण BOQ मा उल्लेख भएको भन्दा बढी कार्य गर्नु परेको हुँदा प्राविधिक पुष्टयाईं बमोजिमको भेरियसन आदेश दिने निर्णय गरियो ।

१२. विविध

क. मगर गाउँशाखा मोटरबाटोको साङ्गो खोलामा वर्षातको कारण खोल्सीले कटान गरी बाटो अवरुद्ध भएको स्थानमा कजवे निर्माणका लागि विविध सार्वजनिक निर्माण शीर्षकमा खर्च लेख्ने गरी रु. ३४५०००।०० रकम मिति २०७८।०१।३० मा स्वीकृत भएकोले उक्त रकम अनुमोदन गर्ने निर्णय गरियो ।

ख. आ.व. २०७७।०७८ मा उपभोक्ता समिति मार्फत सम्पन्न गरिने योजनाहरुको सम्झौताको अवधि मिति २०७८।०१।३१ तोकिएकोमा वर्तमान अवस्थामा देखिएको कोभिड-१९ को प्रकोपको कारण उक्त अवधिमा सम्पन्न हुन नसकेकोले उक्त मिति भन्दा पछि गरिएको सम्झौतालाइ अनुमोदन गर्ने ।

ग. आ.व. २०७७।०७८ मा उपभोक्ता समिति मार्फत सम्पन्न गरिने योजनाहरुको सम्झौताको अवधि मिति २०७८।०१।३१ तोकिएकोमा सो अवधि थप गरी २०७८।०२।३१ गते सम्म तोक्ने निर्णय गरियो ।

घ. गृह मन्त्रालयको च.नं. १४७५ मिति २०७७।०७।२८ को पत्र र जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकको च.नं. १४४२ मिति २०७७।०८।०४ को पत्रबाट उत्खनन् कार्य रोक्नको लागि पत्राचारको आधारमा यस नगरपालिका भित्र संचालित क्रसर उद्योगहरु बन्द भएको साथै कोरोनाको महामारीको कारण सवारी साधनहरु बन्द भएकोले उत्पादित सामानहरु समेत निकाशी गर्न नसकिएको कारण राजश्व संकलन गर्न नसकिएकोले उक्त अवधिको कर छुट पाउँ भनी तिनपिप्ले निर्माण सेवाले पेश गरेको निवेदनका सम्बन्धमा यथार्थ अवस्था बुझी ५ (पाँच) दिन भित्र प्रतिवेदन पेश गर्ने गरी देहाय बमोजिमको कार्यदल गठन गर्ने र उक्त कार्यदलको सुझाव बमोजिम अर्को बैठकमा निर्णय गर्ने निर्णय गरियो ।

देहाय

| | |
|---|---|
| क. श्री कृष्ण प्रसाद चौलागाईं, वडा अध्यक्ष | -संयोजक |
| ख. श्री राम बहादुर लामा, वडा अध्यक्ष | -सदस्य |
| ग. श्री भक्त बहादुर खड्का, वडा अध्यक्ष | -सदस्य |
| घ. श्री पार्वती वि.क., वडा सदस्य | -सदस्य |
| ङ. श्री जयराम घोरासैनी | -सदस्य-सचिव |